नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कालीकोट

फोन नं. ०८७-४४०१६२
Email : dao.kalikot@gmail.com
daokalikot@moha.gov.np

पत्र संख्या : ०८२/०८३
चलानी नं. १४६५

मिति:२०८२।११।०१
ने.सं.११४५

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कालीकोट

## जिल्ला प्रशासन कार्यालय, कालीकोटको अत्यन्त जरुरी सूचना।

निर्वाचन आयोग, नेपालले सार्वजनिक गरेको प्रतिनिधी सभा सदस्य निर्वाचन, २०८२ को कार्यतालिका अनुसार कालीकोट जिल्लामा निर्वाचन सम्बन्धी गतिविधीहरु शान्त र सौहार्दपूर्ण वातावरणमा संचालन भइरहेको व्यहोरा सबैमा अवगत गराउँछौ। मिति २०८२।१०।०४ देखि निर्वाचन आचारसंहिता, २०८२ समेत लागु भएकाले आचारसंहिताको पूर्ण पालना गर्न सबै राजनीतिक दल, उम्मेदवार, सार्वजनिक पदधारण गरेका पदाधिकारी, कर्मचारी, पत्रकार, गैरसरकारी संस्थाका प्रमुख एवं प्रतिनिधिहरु सबैमा हार्दिक अनुरोध छ।

यसै सन्दर्भमा मिति २०८२।११।०३ गते हिन्दु समुदायको प्रसिद्ध धार्मिक उत्सव महाशिरात्री पर्व रहेको छ। उक्त पर्वको अवसरमा जिल्ला प्रशासन कार्यालय सबै जिल्लावासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ। यस प्रकारको धार्मिक, साँस्कृतिक पर्वले निर्वाचनमैत्री वातावरणमा जुटेका सबै उम्मेदवार, राजनीतिक दल, नागरिक समाज, उद्यमी व्यवसायी सबैमा मेलमिलाप, भाइचारा, सदभाव र सहिष्णुताको भावना जागृत गर्नेछ भन्ने विश्वास लिएका छौ। यस धार्मिक पर्वमा शिवमन्दिर/धामहरुमा हिन्दु भक्तजनहरुको उल्लेख्य उपस्थित हुने भएकोले परम्परागत रुपमा गरिने धार्मिक पूजापाठ लगायतका कार्यक्रमहरु वाहेक प्रशासनको पूर्व स्वीकृति नलिई यस पर्वको अवसरमा ठूला धार्मिक, साँस्कृतिक, व्यापारिक कार्यक्रमहरु आयोजना गर्ने, गाँजा भाङ्ग, धतुरो, मदिरा लगायतका नसालु पदार्थहरु विक्री वितरण गर्ने, सामुहिक सेवन गर्ने व्यवस्था मिलाउने कार्य नगर्नु नगराउनु हुन सबैमा अनुरोध छ। प्रचलित कानून विरुद्धका त्यस्ता अवान्छित गतिविधी भए गरेको एवं निर्वाचन आचारसंहिता विरोधी कार्य भए गरेको पाइएमा कार्यक्रम आयोजक, संचालक, वितरण एवं विक्रेता र सेवनकर्तालाई कानून अनुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

२०८२/११/०१

गोकर्ण राज सुयल
प्रमुख जिल्ला अधिकारी